नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५५८ दायर मितिः-२०८१।०२।०९**

**फैसला मितिः-२०८१/०३/१०**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **एलिशा जोशीको जाहेरीले** | **जिल्ला पर्सा बी.म.न.पा.वडा नं.५ बस्ने श्यामकिशोर** |
| **नेपाल सरकार.........................१** | **गुप्ताको छोरा वर्ष २७ को रबी कुमार गुप्ता..............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।
२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवाली गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अंकित राज शाक्य समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी रविकुमार गुप्ताले ईन्कारी बयान गरता पनि प्रतिवादी रवि कुमार गुप्ताले सामाजिक सञ्जाल Whatsapp र Instagram मा अश्लिल शब्दहरु लेखी SMS गरेकोले मिति २०८१।०१।२१ गते अ.१७:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१३ स्थित पर्सा जिल्ला अदालत अगाडी सडकमा विपक्षीलाई भेटी उक्त कार्य नगर्न सम्झाउँदा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रबी कुमार गुप्तालाई कैद दिन १६ र जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीरबी कुमार गुप्तालाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०१/२४ देखि २०८१/०२/०८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५५५/२०८१/०२/०९ बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरिवाना रकम रु.५०००/- कट्टी गर्नु ---------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना १० गते सोमवार रोज २/ ने.सं. ११४४ तछलागा तृतिया, शुभम् ........